# श्री सर्वोच्च अदालतमा दायर गरेको

# निवेदन-पत्र

विषयः नेपालको संविधानको धारा ४६ र १३३ (२)(३) बमोजिम उत्प्रेषण, परमादेश, अधिकारपृच्छा, प्रतिषेध लगायत जो चाहिने आज्ञा आदेश पूर्जि समेत जारी गरी पाऊँ ।

गैरसंवैधानिक रुपमा विघटन गरिएको प्रतिनिधि सभाका नेपाली कांग्रेस संसदिय दलका प्रमुख सचेतक महोत्तरी जिल्ला गौरीवास गा.वि.स. वडा नं. ३ घर भई हाल सिन्धुली जिल्ला तीन पाटन गा.पा. वडा नं. १ बस्ने बर्ष ६२ को श्याम कुमार घिमिरे ....१

ऐ. का. सचेतक सिन्धुली जिल्ला भद्रकाली गा.वि.स. वडा नं. ९ को परिवर्तित कमलामाई न.पा. वडा नं. २ बस्ने बर्ष ५० को सुशीला थिङ... ....................................................\.१

ऐ. का सांसद चितवन जिल्ला माडी गर्दी गा.वि.स. वडा नं. १ घर भई हाल बाँके जिल्ला खजुरा गाउँपालिका वडा नं. ३ बस्ने बर्ष ५१ को आशा वि.क. .................................... १

ऐ. का सांसद काठमाण्डौ. जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. १ बस्ने बर्ष ५४ को दिपक खडका .... ............................................................... ......................................१

ऐ. का सांसद दैलेख जिल्ला साविक डाँडापराजुल गा.वि.स. वडा नं. ६ घर भई हाल ऐै. भैरवी गा.पा. वडा नं. २ बस्ने बर्ष ४९ को सिता कुमारी राना....................................१

ऐ. का सांसद महोत्तरी जिल्ला सम्सी गा. वि.स. वडा नं. ५ को परिवर्तित औरही न.पा. वडा नं. १ बस्ने बर्ष ४९ को नगिना यादव ................ .......................................१

ऐ. का सांसद चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १२ बस्ने बर्ष ४८ को शान्ती वि. क. ...........................................................................................१

ऐ. सांसद बर्दिया जिल्ला साविक डेउढाकला गा.वि.स. वडा नं. ७ परिवर्तित बासगढी न.पा. वडा नं. ८ बस्ने बर्ष ४४ को जावेदा खातुन जागा.........१ समेत जना ८ को वारेश का.जि. का.म.न.पा. वडा नं. २९ बसने बर्ष ५५ को श्रवण कुमार श्रेष्ठ .................१ निवेदक

विरुद्ध

सम्मानीय राष्ट्रपति, राष्ट्रपतिको कार्यालय शितल निवास काठमाण्डौं .......................... १

सम्माननीय प्रधानमन्त्री सुशिला कार्की, प्रधानमन्त्रीको कार्यालय सिंहदरबार, काठमाण्डौ .. १

प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौं ........................... १

श्री निर्वाचन आयोग, बहादुर भवन, कान्तिपथ, काठमाण्डौं .......................................... १

सम्माननीय सभामुख, प्रतिनिधि सभा, संसद सचिवालय, सिंहदरबार काठमाण्डौं . १ प्रत्यर्थी

मुद्दाः उत्प्रेषण, परमादेश समेत

हामी रिट निवेदक सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२ समेत बमोजिम तथा अनुसूची ३(१) बमोजिम लाग्ने दस्तुर रु.५००।- यसै निवेदन साथ राखी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ समेतको आधारमा नेपालको संविधान, २०७२ को ४६, १३३(२)(३), बमोजिम प्रस्तुत निवेदन गर्न आएका छौ ।

१. हामी रिट निवेदकहरु नेपाली नागरिक भएको र लामो समय देखि नेपालमा विधिको शासन, नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रहित, जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग अधिकार, सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा, संसदीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लगायतका विषयमा आवाज उठाउँदै सो को वास्तविक अर्थको स्थापनाको लागि तत्पर भई सक्रिय भै आएका छौ । हामी २०७९-२०८४ का लागि प्रतिनिधि सभा सदस्यमा निर्वाचित भई नेपाली कांग्रेसको तर्पmबाट प्रमुख सचेतक र सचेतक भई कर्तव्य निर्वाह गरी आएका थियौ । हामी सभासद रहेको प्रतिनिधि सभालाई हठात विघटन गर्नु भएको सार्वजनिक सञ्चार माध्यमबाट ज्ञात हुन आयो । सम्माननीय राष्ट्रपतिले मिति २०८२ भाद्र २७ गते शुक्रबारको मध्य रातमा प्रतिनिधिसभाको सदस्य समेत नभएका पूर्व प्रधान न्यायाधीश सुशीला कार्कीलाई नेपालको संविधान (सहजताको लागि यस पछि संविधान भनिएको) विपरित प्रधानमन्त्रीमा नियुक्ती गर्नु भएको रहेछ । त्यतिले नपुगी निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनु अगावै निजको सिफारिसमा प्रतिनिधि सभा समेत विघटन गर्नु भएको रहेछ ।

तत्पश्चात मन्त्रीमण्डल गठन नहुँदै विपक्षी प्रधानमन्त्रीको एकल सिफारिशमा जनप्रतिनिधिको सर्वाेच्च संस्था विघटन गरिएको सो विषय सार्वजनिक सरोकारको विषय समेत भएको हुँदा त्यस विरुद्ध संविधानको धारा १३३(२) र (३) बमोजिम प्रस्तुत रिट निवेदन दायर गर्न हामी निवेदकहरुमा हकदैया रहेको छ । हाम्रा निवेदन जिकिरहरु निम्नानुसार रहेका छन् ।

क) मिति २०८२ भाद्र २३ गतेका दिन जेनजी समुहको तर्फवाट भएको प्रदर्शनीमा घुसपैठ भई उक्त आन्दोलनले अराजक स्वरुप लिई असामान्य परिस्थिती सिर्जना भएका कारण उक्त परिस्थितिलाई मध्य नजर गर्दै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले मिति २०८२ साल भाद्र २४ गते प्रधानमन्त्री पदबाट दिनु भएको राजीनामा सम्माननीय राष्ट्रपतिद्धारा तत्कालै स्वीकृत गर्नु भएको भन्ने व्यहोराको जानकारी राष्ट्रपतिको कार्यालयवाट प्रकाशित सूचनाबाट जानकारी हुन आएको छ । संविधानतः निर्मित सरकारले राजीनामा गरेपछि रिक्त हुन आएको प्रधानमन्त्रीको पद संविधान बमोजिम नै राष्ट्रपति ज्यू ले आहवान गरी पूर्ति गर्नुपर्नेमा त्यसो भएन गरिएन । गैर संवैधानिक मार्ग अवलम्बन गरियो ।

ख) तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले मिति २०८२ साल भाद्र २४ गते पदबाट राजीनामा दिए पश्चात सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ७६ वमोजिम नयाँ सरकार गठन गर्ने प्रकृया अगाडि वढाउनु पर्ने एक मात्र संवैधानिक विकल्प रहेको थियो । सम्माननीय राष्ट्रपतिबाट संसदमा कुनै पनि दलको बहुमत नभएको अवस्थामा दुई वा दुई दलको समर्थनमा प्रतिनिधिसभामा बहुमत सिद्ध गर्न सक्ने दललाई प्रधानमन्त्री नियुक्तिको प्रकृया अघि बढाउन आव्हान गर्नु पर्नेमा सो को आहवान गर्नु भएन । संविधानमा स्पष्ट व्यवस्था उल्लेख गरिएकोमा सोही व्यवस्था बमोजिमको सरकार गठनको प्रकृया अघि बढाउनु सम्माननीय राष्ट्रपतिको संवैधानिक कर्तव्य भएता पनि सो अनुरुपको प्रकृया अघि नबढाई संविधानले सरकार गठनमा जिम्मेवारी नै नदिएको नेपाली सेनाको प्रधान सेनापति समक्षमा सरकार गठन गर्ने प्रयोजनको लागि कानून र संविधानले नचिनेको व्यक्तिहरु विच वार्ता र छलफलको श्रृंखला अघि बढाईएको कुरा सो समयका सबै संचार माध्यममा आएका थिए । लगतै सम्माननीय राष्ट्रपति कार्यालयबाट मिति २०८२।०५।२७ मा पूर्व प्रधान न्यायाधीश समेत रहनुभएको सुशीला कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्ति गरिएको थियो । यसबाट संविधानको रक्षा गर्नुपर्ने कर्तव्य भएका राष्ट्रपतिबाटै संविधान विपरित असंवैधानिक बाटोवाट सरकार गठन गरीएको र सो कार्य न्यायिक पुनरावलोकनको अपेक्षा गर्ने सार्वजनिक महत्वको गम्भीर न्यायिक र कानूनी प्रश्न समेत भएको हुँदा उक्त कार्यले नेपालको संविधानको ठाडो उल्लघंन भएकोले उक्त काम कारवाहीले कानूनी तथा संवैधानीक मान्यता प्राप्त गर्न सक्दैन । यस

कार्यले सम्मानीत अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोगको आवश्यकतालाई अपिल गर्दछ ।

ग) नेपालको संविधानको धारा ७६(१) अनुसार राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ व्यवस्था रहेको र धारा ७६(२) अनुसार प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नभएको अवस्थामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढि दलहरुको समर्थनमा बहुमत प्राप्त प्रतिनिधिसभाको सदस्य मात्र प्रधानमन्त्री नियुक्त हुन सक्ने बाध्यात्मक व्यवस्था रहेको छ । यस अनुसार उल्लेखित दुवै उपधारा वमोजिम सरकार गठन हुन नसकेमा उपधारा (३) वमोजिम प्रतिनिधि सभामा सबैभन्दा वढी सदस्यहरु भएको दलको संसदीय दलको नेता अर्थात प्रतिनिधिसभा सदस्य रहेको व्यक्ति मात्र प्रधानमन्त्री नियुक्त हुन सक्ने संवैधानिक व्यवस्था हो । यो आफ्नो तजविज अनुसार सम्मानननीय राष्ट्रपति ज्यूले प्रयोग गर्न सक्ने व्यवस्था होइन । बाध्यकारी व्यवस्था हो । उपधारा (५) बमोजिम समेत प्रतिनिधिसभामा बहुमत सिद्ध गर्न सक्ने प्रतिनिधिसभा सदस्यलाई मात्र प्रधानमन्त्री नियुक्त गर्न सकिने संवैधानिक व्यवस्था रहेको छ । यो प्रबन्ध लामो संवैधानिकअभ्यासको आलोकमा स्थापित भएको हो । यसरी संविधानको धारा ७७ (१) (ग) मा प्रतिनिधि सभाको सदस्य नरहेमा प्रधानमन्त्री तथा मन्त्री पद रिक्त हुने स्पष्ट व्यवस्था रहेकोले नेपालको संविधानले प्रतिनिधिसभाको सदस्य नरहेको व्यक्ति प्रधानमन्त्री नियुक्त हुन सक्ने व्यवस्था रहेको छैन । प्रतिनिधिसभा जीवित हुँदाको बखतमा नै प्रत्यर्थी सुशीला कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्त गर्ने र निज नियुक्ति भई सके पश्चात प्रतिनिधिसभा विघटन सिफारिसलाई आधार बनाई प्रतिनिधि सभा विघटन गर्ने सम्माननीय राष्ट्रपतिको निर्णय तथा सो सम्बन्धि काम कारवाही प्रारमभ देखि नै असंवैधानिक छ भन्ने स्पष्ट हुन्छ । हाम्रो संविधानले अबलम्बन गरेको संविधानवाद (Constitutionalism) र संवैधानीक सर्वोच्चता (Principle of constitutional Supremacy), शक्ति पृथकीकरण र सन्तुलनको सिद्दान्तको विपरीत रहेकोले विपक्षीहरुको गैरसंवैधानिक कार्यहरु बदर भागी रहेको हुँदा वदर गरी पाऊँ ।

घ) प्रधानमन्त्रीको नियुक्ति सम्वन्धमा मिति २०८२ भदौ २७ गते शुक्रबार राष्ट्रपतिको कार्यालयवाट जारी विज्ञप्तिमा निम्न व्यहोरा उल्लेख गरिएको छः

"सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्युले मुलुकमा उत्पन्न विषम तथा असाधारण परिस्थितिलाई सम्बोधन गर्दै युवा पुस्ताद्वारा प्रकट गरिएको ईच्छा र आकांङ्गक्षा अनुसार राजनैतिक दल तथा सरोकारवालाहरुसंगको परामर्श समेतको आधारमा नेपालको संविधान

वमोजिम राष्ट्रपतिमा अन्तरनिहित संवैधानिक अधिकार प्रयोग गरी नेपालको संविधानको पालना र संरक्षण एवं नेपालको राष्ट्रिय एकताको प्रवर्धन गर्न आवश्यक भएकोले राष्ट्राध्यक्षको हैसियतले प्रधानमन्त्रीको सिफारीस र सम्मतिको आधारमा नेपालको संविधानले राष्ट्रपतिलाई सुम्पिएको संवैधानिक प्रतिवन्धात्मक व्यवस्था वमोजिम ६ (छ) महिना भित्र प्रतिनिधिसभाको अर्को निर्वाचन सम्पन्न गर्ने गरी श्री सुशिला कार्की, मोरङ्गलाई नेपालको अन्तरिम सरकारको प्रधानमन्त्री पदमा नियुक्ति गर्नु भएको छ । साथै आज राष्ट्रपति भवनमा आयोजित विशेष समारोहमा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यु समक्ष नव नियुक्त सम्माननीय प्रधानमन्त्री श्री सुशीला कार्कीज्युले नेपालको संविधानको धारा ८० वमोजिम प्रधानमन्त्री पदको पद तथा गोपनियताको शपथ लिनु भएको छ ।"

राष्ट्रपति कार्यालयबाट जारी भएको उल्लेखित विज्ञप्तिमा सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीलाई संविधानको कुन धारा बमोजिमको संवैधानिक व्यवस्था बमोजिम प्रधानमन्त्री नियुक्त गरेको भन्ने खुलाउन सकेको अवस्था छैन । संविधानले व्यवस्था गरेका अन्य धाराहरु बमोजिमको प्रक्रिया पुरा नगरी सपथ ग्रहणको धारा मात्र उल्लेख हुँदैमा गैरसंवैधानिक तवरको नियुक्तिले वैधता पाउन सक्दैन । उक्त विज्ञप्तीमा उल्लेखित राष्ट्रपतिलाई सुम्पिएको संवैधानिक प्रतिवन्धात्मक व्यवस्था वमोजिम भन्ने शब्दावलीले संविधानको के कुन प्रावधानलाई देखाउन खोजिएको हो प्रष्ट छैन । वर्तमान संविधानले सक्रिय राष्ट्रपतिको परिकल्पना गरेको नभई संरक्षक राष्ट्रपतिको प्रबन्ध गरेकोमा कुनै विवाद हुनसक्दैन । त्यसका अलावा प्रधानमन्त्रीको नियुक्ति अधिकार प्रदान गर्ने (Enabling Cluase) बाट हुने हो । प्रतिबन्धात्मक वाक्यांशबाट होइन । संविधानको धारा ७६ भन्दा बाहिरबाट संघीय सरकारको प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था संविधानमा नरहेकोले प्रधानमन्त्री सुशिला कार्कीको नियुक्ति प्रथम दृष्टिमै संविधान विपरीत रहेको छ । अर्कोतर्फ प्रधानमन्त्रीको सिफारिश र सम्मतीमा अर्को प्रधानमन्त्री नियुक्त हुन समेत सक्दैन । तसर्थ गैरसंवैधानिक तवरबाट भएको प्रधानमन्त्रीको नियुक्ति संविधानको व्यवस्था प्रतिकुल रहेको हुँदा उक्त नियुक्ती वदर गरी पाऊँ ।

ङ) नेपालको संविधानको धारा १३२(२)ले सर्वोच्च अदालतको न्यायाधीशलाई संविधानमा अन्यथा उल्लेख भएकोमा बाहेक कुनै पनि सरकारी पदमा नियुक्तीका लागी योग्य नहुने भनी परिकल्पना गरेको छ । नेपालको संविधान बमोजिम मिति २०७३ साल आषाढ २७ गते सम्मानित सर्वोच्च अदालतमा प्रधान न्यायाधीश नियुक्त भई मिति २०७४ साल जेष्ठ २४ गते अवकास प्राप्त श्री सुशीला कार्की र मिति २०८२ साल भाद्र २७ गते नेपालको प्रधानमन्त्री पदमा नियुक्त श्री सुशीला कार्की पृथक नभई एउटै व्यक्ति हुनुहुन्छ । नेपालको संविधानको

धारा १३२ (२) मा "प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीश भई सकेको व्यक्ति यस संविधानमा अन्यथा उल्लेख भएकोमा वाहेक कुनै पनि सरकारी पदमा नियुक्तिका लागी ग्राहय हुने छैन भन्ने प्रष्ट व्यवस्था छ । प्रधानमन्त्री, मन्त्री पद लगायत राष्ट्रसेवकको परिभाषा भित्र पर्ने सम्पूर्ण पदहरु सरकारी पद हुन । प्रधानमन्त्री सरकारको प्रमुख हुने हुँदा यो पद सरकारी पदको पनि सबैभन्दा माथिल्लो अर्थात उच्च ओहदाको सरकारी पद हो भन्नेमा कुनै विवाद छैन । स्वतन्त्र, निष्पक्ष, सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणामा कसैको दवाव र प्रभावमा पर्न नदिन संवैधानिक सर्वोच्चता कायम राख्न नै विश्वव्यापी परम्परा अनुसार यो संवैधानिक व्यवस्था गरिएको हो । राज्यका अंगहरु बिचको शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्तको जगमा प्रधान न्यायाधीश र न्यायाधीशलाई अन्य सरकारी पदमा नियुक्तिका लागि ग्राहय मानिएको छैन । सर्वोच्च अदालतमा कार्यरत न्यायाधीशहरुले सेवावाट अवकास पश्चात आफु प्रधानमन्त्री वा मन्त्री पद पाउने उद्देश्यले कसैको दवाव प्रभावमा परी बद्नियत पूर्वक कुनै कामकारबाही नहोस् भनी स्वतन्त्र न्यायपालिकाको सिद्दान्त जीवन्त राख्ने हेतुले यस्ता कुरामा संविधानमा नै व्यवस्था गरी रोक लगाईएको हो । यसरी स्पष्ट संवैधानिक व्यवस्थालाई नै चुनौती दिँदै गरीएका कामकारबाही र निर्णय बदरभागी रहेको हुँदा वदर गरी पाऊँ ।

च) नेपालको संविधानको धारा ८४ मा प्रतिनिधि सभाको गठन सम्बन्धि व्यवस्था गरेको छ भने धारा ८५ मा प्रतिनिधि सभाको कार्यकालको व्यवस्था गरेको छ । नेपालको संविधानको धारा ८५ वमोजिम कार्यकाल पुरा भएमा वाहेक धारा ७६ (७) वमोजिम मात्र प्रतिनिधि सभाको विघटन हुन सक्छ । धारा ७६ (७) को प्रयोग गर्ने अधिकार प्रधानमन्त्री नियुक्त हुन नसकेमा वा धारा ७६ (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले धारा ७६ (६) र (४) बमोजिम विश्वासको मत नपाएको अवस्थामा मात्र प्रतिनिधि सभा विघटनको सिफारीस गर्न सक्ने संवैधानीक व्यवस्था रहेको छ । अन्य अवस्थामा संसद विघटन हुनै सक्दैन । प्रस्तुत विषयमा राष्ट्रपतिको कार्यालयबाट मिति २०८२ भदौ २७ गते शुक्रवार जारी विज्ञप्तीमा "सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्युले सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीज्युको सिफारीस वमोजिम मिति २०८२ साल भदौ २७गते शुक्रवार रातको ११ वजे देखि लागु हुने गरी वर्तमान प्रतिनिधिसभा विघटन गर्नु भएको छ । मिति २०८२ साल फाल्गुण २१ गते विहिवारका दिन नयाँ प्रतिनिधिसभाको निर्वाचन गर्ने गरी मिति तोक्नु भएको छ" भन्ने उल्लेख भएबाट सम्माननीय राष्ट्रपतिज्युबाट प्रतिनिधिसभा विघटनको पुर्व शर्त धारा ७६ (७) पुरा भएको देखिदैन । यस सम्वन्धमा निर्णय नम्बर ०७७-धअ-००७१ मा शेर बहादुर देउवा विरुद्ध केपी शर्मा ओली समेत भएको प्रतिनिधिसभा विघटनको मुद्दा लगायत अन्य मुद्दाहरुमा वैकल्पिक सरकारको

गठनको संभावना भएसम्म प्रतिनिधि सभा विघटन गर्न नमिल्ने सिद्धान्त कायम भई स्पष्ट रुपमा नजिर सिद्धान्त कायम भएको हुँदा सो विरुद्ध भए गरेका कार्यहरुलाई संविधान सम्मत मान्न मिल्दैन । संविधान उपर कुनै प्रकारको थिचोमिचो गर्ने र संविधानलाई छल्ने कार्यले बैधता प्राप्त गर्न सक्दैन । संविधानवाद, संवैधानिक नैतिकता तथा लोकतान्त्रिक मूल्य मान्यताका दृष्टिले विपक्षीहरुले गरेका कार्यहरुको औचित्य संविधान सम्मत नै छ भनी पुष्टि हुनुपर्नेमा सो भएको नहुँदा यस्ता कार्यले संवैधानिक मान्यता प्राप्त गर्न सक्दैन ।

छ) नेपालको संविधानको धारा ६६(२) मा "राष्ट्रपतिले नेपालको संविधानको धारा ६६(१) बमोजिम यो संविधान वा संघीय कानून वमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग वा कर्तव्यको पालना गर्दा संविधान वा संघीय कानून बमोजिम कुनै पदाधिकारीको सिफारिसमा गर्नु पर्ने कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिवाट हुनेछ। यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुनेछ" भन्ने प्रष्ट व्यवस्था रहेको छ । नेपालको संविधानको धारा ७६ मा प्रधानमन्त्री नियुक्ति र मन्त्रिपरिषद गठन भन्ने छुट्टै दुई पदावली उल्लेख छ । नेपालको संविधानको धारा ७६ को उपधारा (१) देखि (८) सम्म प्रधानमन्त्री नियुक्तिको प्रकृया सम्बन्धी व्यवस्था छ । उपधारा (९) मा मात्र मन्त्रिपरिषदको गठन वारे उल्लेख छ । संविधानको धारा ७५(१) बमोजिम पनि नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषदमा रहन्छ भन्ने व्यवस्था छ । एकजना पनि मन्त्रीको नियुक्ति र सपथ ग्रहण नभएको अवस्थामा प्रधानमन्त्री मात्रले मन्त्रिपरिषदको स्वरुप ग्रहण गर्न सक्दैन । मन्त्रिपरिषद गठन नै नहुँदै प्रधानमन्त्रीबाट भएको एकल सिफारिसलाई धारा ६६(२) वमोजिम मन्त्रिपरिषदको सल्लाह र सम्मति मान्न मिल्दैन । तसर्थ असंवैधानिक तवरबाट प्रधानमन्त्रीमा नियुक्त श्री सुशीला कार्कीले आफ्नो मात्र सिफारिसलाई मन्त्रिपरिषदको सिफारिस नामाकरण गरी गरिएको सिफारिस बमोजिम सम्माननीय राष्ट्रपतिबाट तत्काल गरिएको प्रतिनिधिसभा विघटनले संवैधानीक मान्यता पाउन कदापि सक्दैन । जुन ब्यक्ति प्रतिनिधी सभाको सदस्य नै छैन, त्यस्तो ब्यक्ति प्रधानमन्त्रीमा नियुक्ति हुनु, नियुक्ति पश्चात जिवित प्रतिनिधी सभालाई विघटन गर्ने कार्य प्रारम्भिक रुपमा नै गैह्र संवैधानिक भएको प्रष्ट देखिन्छ । यस प्रकार प्रधानमन्त्री नियुक्त गर्ने कुरामा भए गरिएका काम कारबाही, निर्णय, घोषणा, सूचना, पत्राचार आदि संविधानको प्रावधान र अन्तर्निहित भावना र मर्म प्रतिकुल देखिएका छन् ।

ज) सम्माननीय प्रधानमन्त्री श्री सुशीला कार्कीले मिति २०८२ भाद्र २७ गते राति ९.४० बजे गर्नु भएको शपथ ग्रहणको व्यहोरा यस प्रकार रहेको छ "... नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पुर्ण वफादार रही सत्य निष्ठापुर्वक

शपथ लिन्छु । प्रधानमन्त्री पदको जिम्मेवारी प्रचलित कानूनको पालना गरी मुलुक र जनताको भलो चिताई कसैको डर नमानी पक्षपात नगरी पुर्वाग्रह वा खराव भावना नराखी ईमानदारी साथ बहन गर्नेछु । आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानकारीमा आएको कुरा आफु पदमा बहाल रहदा वा नरहदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा वाहेक प्रकट वा संकेत गर्ने छैन" भन्ने उल्लेख छ । तर निजले सपथ ग्रहण गरेको एक घण्टा भित्रै संविधान विपरित प्रतिनिधिसभा विघटनको सिफारिस गर्नु भएको छ । प्रधानमन्त्रीमा आफ्नो असंवैधानिक नियुक्ति पश्चात सपथ 2ग्रहण पत्रमा हस्ताक्षर गरे लगतै संविधान विपरित प्रतिनिधिसभा विघटन गरेवाट निज जननिर्वाचित संस्था विरुद्‍ध पुर्वाग्रही भएको स्पष्ट छ । सपथ ग्रहणको पालना नै नगर्ने व्यक्तिले प्रधानमन्त्रीको हैसियतले संविधान विपरित प्रतिनिधिसभा विघटनको सिफारीश गर्ने अधिकार रहदैन। तसर्थ सपथ विपरित भएको सम्पुर्ण काम कारवाहीको कुनै वैधानिकता रहन सक्दैन । संविधान वा कानूनमा रहेका प्रावधानलाई अन्देखा गरेर वा एकातिर पन्छाएर आवश्यकता, व्यवहारिकता वा औचित्यका जिकिरलाई मान्यता दिएर विवादको निरुपण गर्न थालियो भने त्यसको परिणामस्वरुप स्वेच्छाचारिताले नै प्रस्रय पाउने खतरा रहन्छ । संविधानमा अभिव्यक्त शव्द, वाक्य वा भावलाई एकातर्फ पन्छाएर व्यवहारिकता, राजनीतिक स्थायित्व जस्ता तर्कका आधारमा निष्कर्षमा पुग्नु न्यायिक मूल्य, मान्यता, सिध्दान्त र प्रचलन अनुकूल पनि हुँदैन । संविधानले आत्मसात् गरेका आदर्श र अभिष्ट प्राप्तिका लागिसम्म आवश्यकता, व्यवहारिकता वा औचित्य जस्ता कुराहरु व्याख्याको सन्दर्भमा सहयोगी बन्न सक्तछन् । प्रतिनिधि सभाको कार्यकाल पुरा नहुँदै राजनीतिक स्थीरता जस्ता कारण देखाएर बिघटन गर्ने र निर्वाचन गराउने छुट संविधानले दिदैन । प्रतिनिधि सभाका सदस्यहरुलाई सार्वभौम जनताले पाँच बर्षका लागि आफ्नो प्रतिनिधिको हैसियतमा शासन व्यवस्था सञ्चालन गर्ने आदेश र अख्तियारी दिएर पठाएका हुन् । यसरी जनताबाट पाएको आदेश र अख्तियारीको पालना नगरी पाँच बर्षको अवधि नपुग्दै बीचैमा प्रतिनिधि सभा बिघटन गरी पुनः जनतामा जाने कुरा संविधानमा अन्तर्निहित भावना र निर्वाचनको माध्यमबाट प्रकट भएको जनादेश अनुकूल हुँदैन । जनताको ताजा अभिमतका लागि निर्वाचनमा जाने कुरा अवश्य नै लोकतान्त्रिक विधि हो । तर लोकतान्त्रिक विधिको प्रयोग वा अनुशरण गर्ने कुराका पनि विधि र पद्‍धती छन् । यसरी हुदै नभएको अख्तियारी प्रयोग गरी प्रतिनिधि सभालाई असामयिक रुपमा बिघटन गरेर निर्वाचनमा जाने छुट वर्तमान संविधानले नदिने हुँदा प्रतिनिधिसभा विघटन लगायतका कामकारबाही वदर गरी पाऊँ । भएका काम कारबाही आवेश, उत्तेजना तोडफोड इत्यादीको नाममा संविधानिक प्रावधान नै तोरमरोड गर्ने दिशातर्पm उत्मुख भएकोमा कुनै विवाद छैन ।

झ) जनतामा निहित सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोगको सम्बन्धमा नेपालको संविधानको धारा २ ले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहने र यसको प्रयोग यस संविधानमा व्यवस्था भए वमोजिम हुनेछ भन्ने स्पष्ट व्यवस्था गरेको छ । यस्तै धारा ५ मा राष्ट्रिय हित अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, नेपालीको हक हितको रक्षा, सिमानाको सुरक्षा, आर्थिक समुन्नती र समृद्धि नेपालको राष्ट्रिय हितको आधारभूत विषय हुनेछन भनिएको छ । र यसको प्रतिकूलको आचरण र कार्य संघीय कानून वमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । यस भित्र संविधान बमोजिम सार्वभौमसत्ताको प्रयोग गर्ने कुरा महत्वपुर्ण विषय हो । आन्दोलनको नाममा श्रृजित घटनाक्रमलाई मात्रै आधार मानेर संवैधानिक व्यवस्था विपरित भएको कार्य नेपालको शासन कुनै व्यक्ति तथा तिनको समुहले कब्जामा लिने कार्यलाई राष्ट्रहित अनुकूल भन्न मिल्दैन । यसरी नै धारा ७५(१) ले यो संविधान र कानून वमोजिमको मन्त्रिपरिषदलाई नेपालको कार्यकारीणी अधिकार प्रदान गरेको छ भने धारा ७५(२) ले यो संविधान र संघीय कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने अभिभारा मन्त्रिपरिषदमा रहने उल्लेख छ । उक्त धारामा मन्त्रिपरिषद भनिएको संविधान वमोजिम प्रतिनिधि सभाको सदस्य मध्येवाट बहुमत सिद्ध गर्न सक्ने गरी नियुक्त प्रधानमन्त्री र निजको नेतृत्वको मन्त्रिपरिषदलाई भनिएको हो । यसर्थ राष्ट्रहित र संविधान विपरित नियुक्त मन्त्रिपरिषदलाई मुलुकको सार्वभौमसत्ता र राजकीयसत्ता प्रयोग गर्ने अधिकार हुदैन । निजले प्रधानमन्त्रीको नाममा गरेको राजकीयसत्ता र सार्वभौमसत्ताको प्रयोग, उपयोग र दुरूपयोग संवैधानिक वैधता र लोकतान्त्रिक संस्कार एवं अभ्यास विपरीत छ । सरकार गठनको संवैधानिक विकल्प कायम रहेसम्म संविधानले तोकेबमोजिमको कार्याबधि बाँकी रहेको प्रतिनिधि सभालाई कायम राख्नु वा निरन्तरता दिनु नै संविधानसम्मत् हुन्छ । निर्वाचन लोकतान्त्रिक विधि हो भन्ने कुराको आडमा सार्वभौम जनताका प्रतिनिधिहरुले सरकारको विकल्प खोज्न पाउने वैधानिक अधिकारमा असर पर्ने गरी अर्थात संविधानले निर्धारित गरेका शर्त प्रतिकूल हुने गरी भैरहेको प्रतिनिधि सभालाई विघटन गर्ने र नयाँ जनादेशको खोजी गर्ने कुराको न्यायिक औचित्य प्रमाणित नहुने हुँदा संविधान विपरित भएका कार्यहरु वदर गरी पाऊँ ।

ञ) सम्मानननीय राष्ट्रपतिज्युले मिति २०८२।०५।२८ गते जारी गर्नु भएको प्रेस वक्तव्यमा “देशको अत्यन्त असहज, विषम र भयपूर्ण परिस्थितिमा कठिन प्रयत्न्न पश्चात एउटा शान्तिपुर्ण निकास निस्किएको छ । संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ, र संघिय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ । ६ महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गरी अझ

उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर पाएका छन् । तसर्थ वडो जुक्तिले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैमा सम्हालिदै आगामि फाल्गुण २१ गते हुने चुनाव सम्पन्न गराउने काममा सहयोग गर्न म सबै पक्षलाई हार्दिक अपिल गर्दछु" भनिएको छ । सम्माननीय राष्ट्रपतिज्यूबाट अभिव्यक्त उक्त वक्तव्यबाटै सम्माननीय राष्ट्रपतिलाई असंवैधानिक तवरले निजलाई नै प्रधानमन्त्री पदमा नियुक्त गर्न वाध्य पार्ने र प्रतिनिधिसभा विघटनको अवस्था सृजना गराइएको स्पष्ट हुन्छ । गैरसंवैधानिक रुपमा जननिर्वाचित सरकारलाई अपदस्त गरि प्रतिनिधि सभाको सदस्य समेत नरहेको पूर्व प्रधान न्यायाधिशलाई प्रधानमन्त्री नियुक्त गर्ने कार्यले हामीले अवलम्बन गर्दै आएका संवैधानिक कानूनका सिद्धान्तहरु सिमित सरकार (Principle of limited Government) को सिद्धान्त, कानूनको शासन (Rule of Law) जनप्रतिनिधिमुलक सरकार र जनताको सहभागिता (Doctrine of Representation and Participation), संबैधानिक नैतिकता (Constitutional Morality) समेतको बिरुद्ध कार्य भएको छ । यस्तो अवस्थामा मुलुकको संवैधानिक व्यवस्था पुनर्वहाली गर्नु, राज्यका अङ्गहरूलाई संविधान अनुकूल सुचारू गर्न र संविधान तथा संसदीय लोकतान्त्रीक प्रणाली दुरूस्त छ भन्ने सन्देश, भरोसा जनमानसमा प्रवाह गर्नु सम्मानित सर्वोच्च अदालतको संबैधानिक कर्तव्य र दायित्व हुन आउछ ।

ट¬) विश्वमा विभिन्न मुलुकमा र नेपालमा समेत विभिन्न पटक जनआन्दोलन पश्चात सरकार परिवर्तन भएका छन् । पंचायती व्यवस्था अन्त्यको लागि तत्कालीन अवस्थामा नेपाली कांग्रेस र वाम मोर्चाले जनआन्दोलन संचालन गरेको थियो । वहुदलीय व्यवस्था स्थापना गर्ने अनुभवी, स्पष्ट नीति र कार्यदिशा सहितको नेतृत्व थियो । आन्दोलनको जस र अपजस आन्दोलनकारी दलले लिएका थिए । २०६२।६३ को जन आन्दोलनको नेतृत्व तत्कालिन अवस्थामा सात दलीय गठवन्धनले गरेको थियो । यस आन्दोलनको उद्देश्य राजाले कब्जा गरेको अधिकार जनतामा फिर्ता गर्नु, संसदीय व्यवस्था स्थापना गरी माओवादी विद्रोहीहरुलाई शान्ति प्रकृयामा ल्याउनु थियो । २०६२।६३ को आन्दोलनमा पनि स्पष्ट नीति र नेतृत्व थियो । त्यसैले कुनै पनि आन्दोलन वा विद्रोहको लागी स्पष्ट मार्गदर्शन, नीति, दिशा र नेतृत्व अनिवार्य हुन्छ । विना नीति, विना नेतृत्व र स्पष्ट कार्यदिशा नभएको अनुभव विहिन असंगठित भिडले सकारात्मक परिणाम दिन सक्दैन, यसले अराजकता निम्त्याउछ । सरकारका प्रमुख सरकारी भवनहरु, व्यवस्थापिका कार्यालय अर्थात संसद भवन जलाउने, कार्यपालिकाको प्रमुख कार्यालयहरु सिंहदरवार तथा शितल निवास जलाउने, सर्वोच्च अदालत जस्तो जनताको आस्थाको केन्द र न्यायपालिकाको सर्वोच्च निकाय जलाउने, महान्यायाधिवक्ता कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, केन्द्रीय अनुसन्धान विभाग (सिआईवि), नेपाल बार

एशोसिएशन तथा सिंहदरवारमा आगो लगाउनु पूर्व कम्प्युटरका सयौ हार्डडिक्स झिकेर तथा सुचना प्रविधि विभाग भित्र रहेको सफ्टवेयर तथा कम्प्युटरका डाटा झिकिनु, महत्वपुर्ण फाईलहरु जलाईनु, जस्ता नियोजित ध्वसांत्मक कार्य नेपालको सार्वभौमसत्ता र राष्ट्रिय अखण्डता र स्वाधीनतामा खलल पार्ने, राष्ट्रको हित विरुद्ध जासूसी गर्ने, राष्ट्रिय गोपनीयता भंग गर्ने र नेपालको राष्ट्रिय सुरक्षामा खलल् पुर्याउने कार्य नेपालको संविधानको धारा १७ एवम धारा ४८ विपरित रहेको छ । राज्यका सम्पत्ति भनेका जनताका पनि सम्पत्ति हुन् । यस्को जति आवश्यक राज्यलाई हुन्छ त्यति आवश्कता जनतालाई पनि हुन्छ । यसरी आन्दोलनका नाउँमा राज्यको सम्पत्ति क्षतविच्छेद बनाईएको छ । महत्वपूर्ण डाटा, सर-सामान समेत चोरी र नष्ट भएको अवस्था छ । राज्य प्रणालीमा परिवर्तन गर्ने गरी भएका आन्दोलनहरू पूर्व निर्धारीत मार्गचित्र (नीति, नेतृत्व, कार्यक्रम) अनुरूप संचालित हुन्छ । त्यस्तो नेतृत्व अनुभवी वर्गले गरी त्यसले हमेसा कम क्षती र बढी उपल्बधी प्राप्त गर्ने रणनीति अख्तियार गरेको हुन्छ । आन्दोलन सधै जनताको म्यानडेट अनुसार जनताको हितमा संचालित हुन्छ । राज्यका अंङ्गहरूले नियन्त्रण गुमाएको आधारमा मात्रै प्राप्त क्षणिक उन्मादलाई आन्दोलनको म्यान्डेट भन्न मिल्दैन त्यसले बैधता र वैधानिकता दुबै प्राप्त गर्न सक्दैन । त्यस्तो उन्मादी अराजकताले स्थायी रूपमा स्थापित संवैधानिक व्यवस्था माथि हमला गर्न सक्दैन । राज्यका अङ्गहरूले क्रमशः आफ्नो संवैधानिक लयमा फर्कनु पर्छ भन्ने कुरा निवेदन गर्दछौ । यस प्रकार यस्तो विषम परिस्थितिको मौका छोपी प्रतिनिधिसभा विघटन गर्ने कार्यलाई न्यायिक मान्यता प्रदान गर्दा देशको संवैधानिक प्रणालीमा नै नकारात्मक रुपमा गम्भीर असर पर्ने हुँदा यस्ता गैरसंवैधानिक कार्यहरुलाई प्रश्रय दिनु हुदैन ।

ठ) नेपालको संविधानले बालिग मताधिकारको माध्यमवाट आवधिक निर्वाचन मार्फत मात्र सरकार परिवर्तन गर्ने अधिकार दिएको छ । बालिग मताधिकार लोकतन्त्रको सार हो । लोकतान्त्रिक शासन व्यवस्थामा राज्यका राजनीतिक अङ्गहरु जननिर्वाचित हुन्छन् । बालिग मताधिकार वाहिरवाट संविधानमा बाधा अड्काउ फुकाउने अधिकार समेत झिकिएको अवस्थामा अन्य कुनै दवाव वा प्रभावको माध्यमवाट सरकारलाई अपदस्त गर्न वा मतादेश विहिन व्यक्तिले आफूलाई अधिकार छ भन्ने दावी गरी गरिएको सिफारिस र सो सिफारिसलाई आधार मानी गरिएको संसद विघटनको कार्य बदरभागी भएकोले बदर गरी पाउँ । संविधान प्रतिकुलका कार्यले वैधानिकता प्राप्त गर्न सक्दैनन् । गरिएका कामकारबाही संविधानले आत्मसात गरेको लोकतान्त्रिक आदर्श, मूल्य मान्यता, संविधानवाद तथा संवैधानिक नैतिकता अनुकूल हुनु पर्दछ । संसदीय प्रणालीको स्थापित परम्परा अनुसार सरकारको गठनको सम्बन्धमा एक पछि अर्को विकल्पको खोजी हुनु पर्ने हुनाले त्यस्तो विकल्प प्राप्त हुँदाहुँदै अनावश्यक रुपमा प्रतिनिधि

सभालाई विघटन गरेर देशलाई नयाँ निर्वाचनमा लैजाने कार्य संविधानको मर्म अनुरुप नभएको अहिले गठित सरकार आवश्यकताको सिद्धान्तबाट गठित भएको होकी भनेर मान्न सकिने अवस्था छैन संविधानमा नै प्रष्ट रुपमा मन्त्रीमण्डल गठन र विघटन सम्बन्धमा स्पष्ट रुपमा संविधानको धारा ७६ मा ब्यवस्था रहे भएको अवस्थामा यसलाई आश्यकताको सिद्धान्त भनि भन्न मिल्दैन र यसको अर्थ त्यसरी गरिएमा संविधानको प्रतिकूल हुन्छ  र सर्वगबाट त्रुटिपूर्ण देखिएको हुँदा उत्प्रेषणको आदेशद्वारा यस्ता कार्यहरु वदर हुनुपर्दछ ।

२) नेपालको संविधानको धारा ४६, १३३(२)(३) समेत आधारमा रिट निवेदनमा निम्नानुसार मागदावी गर्दछौ ।

क) गैर संवैधानिक तवरले प्रतिनिधिसभाको सदस्य नभएको, कुनै राजनैतिक दलको संसदीय दलले समर्थन नगरेको, धारा ७६ तथा धारा १३२(२) विपरित नियुक्त भएका प्रधानमन्त्री सुशीला कार्कीको नियुक्ति प्रथम दृष्टिमै असंवैधानिक भएको हुँदा निजको प्रधानमन्त्री पदमा भएको नियुक्ति विरुद्ध अधिकार पृच्छाको आदेश जारी गरी पाउँ ।

ख) प्रधानमन्त्री पदमा सुशिला कार्कीलाई नियुक्ति गर्ने सम्माननीय राष्ट्रपतिज्युको मिति २०८२ भदौ २७ को निर्णय, सोको आधारमा भएको प्रधानमन्त्रीज्युको सपथ ग्रहण तथा अन्य नियुक्ति समेत उत्प्रेषणको आदेशले बदर गरी पाउँ । साथै विपक्षी प्रधानमन्त्री नियुक्त भएपश्चात विपक्षीहरुबाट भए गरेका मन्त्रीपरिषद्को विस्तार लगायतका गैरकानूनी एवम् असंवैधानीक सम्पूर्ण कार्यहरु बदर गरी पाउँ ।

ग) प्रधानमन्त्री सुशीला कार्कीको एकल सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट मिति २०८२ भदौ २७ गते गरिएको प्रतिनिधिसभा विघटनको निर्णय उत्प्रेषणको आदेशले बदर गरी २०८२ भाद्र २४ गते गतेकै स्थिति कायम हुने गरी परमादेशको जारी गरी पाउँ ।

घ) तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पदबाट राजीनामा दिई सकेको अवस्थामा नयाँ सरकार गठनको लागि संविधानको धारा ७६ बमोजिमको प्रकृया प्रारम्भ गर्नु भनी राष्ट्रपतिको नाममा परमादेश जारी गरी पाउँ ।

ङ) प्रतिनिधि सभाको सभामुखले संसदको बैठक बोलाउन आवश्यक व्यवस्था मिलाउनु भनी सभामुख तथा संसद सचिवालयको नाममा परमादेश जारी गरी पाउँ ।

च) असंवैधानिक तवरले नियुक्त प्रधानमन्त्री श्री सुशिला कार्की र निज नेतृत्वको सरकारले गर्ने भनिएको प्रतिनिधिसभाको निर्वाचन समेत अवैधानिक नै हुने हुँदा प्रतिनिधिसभा विघटन पश्चात प्रतिनिधि सभाको निर्वाचनसंग सम्वन्धित सम्पुर्ण काम कारवाही प्रतिषेधको आदेश

जारी गरी रोकी पाउँ । मुलुकलाई संसदविहिनताको स्थितिबाट मुक्त गरी अवरुद्ध संवैधानिक प्रक्रियामा रक्त संचार गरिपाऊँ ।

छ) विषय वस्तुको गम्भीरता र संवेदनशिलतालाई मध्यनजर गरि प्रस्तुत विषयमा शिघ्र निर्णय हुनु पर्ने भएको हुँदा प्रस्तुत रिट निवेदनमा विपक्षीहरूको लिखित जवाफ मगाई सुनवाईको मिति किटान गरी कुनै पक्षबाट पेशी स्थगित गर्न नपाउने गरी निरन्तर सुनुवाई गरी न्याय निरोपण गरी पाऊँ ।

३) प्रस्तुत निवेदनमा बहस पैरवीको लागि पछि हाम्रो तर्फबाट नियुक्ति हुनुहुने कानून व्यवसायीको बहस जिकीरलाई यसै निवेदनको अभिन्न अंग मानी पाउँ ।

४) संलग्न कागजातः

क. मिति २०८२ भाद्र २४ गते सम्मानिय प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा स्विकृत सम्वन्धि राष्ट्रपति कार्यालयको विज्ञप्ति ।

ख. मिति २०८२ भाद्र २७ गते राष्ट्रपति कार्यालयबाट सुशीला कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्ती गरि पद तथा गोपनीयताको सपथ कार्य सम्पन्न गरेको विज्ञप्ति ।

ग. मिति २०८२ भाद्र २७ गते सम्मानिनिय प्रधानमन्त्रीको सिफारीशमा प्रतिनिधिसभा विघटन गरेको राष्ट्रपति कार्यलयको विज्ञप्ति ।

घ. निवेदकहरुको प्रतिनिधि सभाको सभा सदस्य रहेको परिचय पत्रको प्रतिलिपी ।

५. प्रस्तुत निवेदनमा माथि उल्लेख गरिएको व्यहोरा ठिक साचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

वा. श्रवण कुमार श्रेष्ठ

इति सम्वत् २०८२ साल मंसिर महिना .... गते रोज ...... शुभम् ....................................

**श्री सर्वोच्च अदालतमा चढाएको**

**रिट निवेदनको सारसंक्षेप**

**विषय: सारसंक्षेपीकरण पेश गरेको सम्बन्धमा**

| | |
|---|---|
| गैरसंवैधानिक रुपमा विघटन गरिएको प्रतिनिधि सभाका नेपाली कांग्रेस संसदिय दलका प्रमुख सचेतक महोत्तरी जिल्ला गौरीवास गा.वि.स. वडा नं. ३ घर भई हाल सिन्धुली जिल्ला तीन पाटन गा.पा. वडा नं. १ बस्ने बर्ष ६२ को श्याम कुमार घिमिरे समेत जना ८ को वा. श्रवण कुमार श्रेष्ठ............................१ | सारसंक्षेप प्रस्तुकर्ता<br>रिट निवेदक |
| **विरुद्ध** | |
| सम्मानीय राष्ट्रपति, राष्ट्रपतिको कार्यालय शितल निवास काठमाण्डौं समेत.....................................................................१ | |

**रिट** :- उत्प्रेषण, परमादेश समेत

**म निवेदक निवेदन वापत लाग्ने दस्तुर यसै साथ राखी निम्नलिखित निवेदन गर्दछु:**

**रिट निवेदनको सारसंक्षेप:**

हामी रिट निवेदकहरु नेपाली नागरिक भएको र लामो समय देखि नेपालमा विधिको शासन, नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रहित, जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग अधिकार, सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा, संसदीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लगायतका विषयमा आवाज उठाउँदै सो को वास्तविक अर्थको स्थापनाको लागि तत्पर भई सक्रिय भै आएका छौ । हामी २०७९-२०८४ का लागि प्रतिनिधि सभा सदस्यमा निर्वाचित भई नेपाली कांग्रेसको तर्फबाट प्रमुख सचेतक र सचेतक भई कर्तव्य निर्वाह गरी आएका थियौ । हामी सभासद रहेको प्रतिनिधि सभालाई हठात विघटन गर्नु भएको सार्वजनिक सञ्चार माध्यमबाट ज्ञात हुन आयो । सम्माननीय राष्ट्रपतिले मिति २०८२ भाद्र २७ गते शुक्रबारको मध्य रातमा प्रतिनिधिसभाको सदस्य समेत नभएका पूर्व प्रधान न्यायाधीश सुशीला कार्कीलाई नेपालको संविधान (सहजताको लागि यस पछि संविधान भनिएको) विपरित प्रधानमन्त्रीमा नियुक्ती गर्नु भएको रहेछ । त्यतिले नपुगी निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनु अगावै निजको सिफारिसमा प्रतिनिधि सभा समेत

विघटन गर्नु भएको रहेछ। तत्पश्चात मन्त्रीमण्डल गठन नहुँदै विपक्षी प्रधानमन्त्रीको एकल सिफारिशमा जनप्रतिनिधिको सर्वोच्च संस्था विघटन गरिएको सो विषय सार्वजनिक सरोकारको विषय समेत भएको हुँदा त्यस विरुद्ध संविधानको धारा १३३(२) र (३) बमोजिम प्रस्तुत रिट निवेदन दायर गर्न हामी निवेदकहरुमा हकदैया रहेको छ।

**संवैधानिक तथा कानूनी प्रश्न**

नेपालको संविधान, २०७२ को ४६, १३३(२)(३),समेतको प्रतिकुल रहेको।

**मागदावी**

गैर संवैधानिक तवरले प्रतिनिधिसभाको सदस्य नभएको, कुनै राजनैतिक दलको संसदीय दलले समर्थन नगरेको, धारा ७६ तथा धारा १३२(२) विपरित नियुक्त भएका प्रधानमन्त्री सुशीला कार्कीको नियुक्ति प्रथम दृष्टिमै असंवैधानिक भएको हुँदा निजको प्रधानमन्त्री पदमा भएको नियुक्ति विरुद्ध अधिकार पृच्छाको आदेश जारी गरी पाउँ। प्रधानमन्त्री पदमा सुशिला कार्कीलाई नियुक्ति गर्ने सम्माननीय राष्ट्रपतिज्युको मिति २०८२ भदौ २७ को निर्णय, सोको आधारमा भएको प्रधानमन्त्रीज्युको सपथ ग्रहण तथा अन्य नियुक्ति समेत उत्प्रेषणको आदेशले बदर गरी पाउँ। साथै विपक्षी प्रधानमन्त्री नियुक्त भएपश्चात विपक्षीहरुबाट भए गरेका मन्त्रीपरिषद्को विस्तार लगायतका गैरकानूनी एवम् असंवैधानीक सम्पूर्ण कार्यहरु बदर गरी पाउँ। प्रधानमन्त्री सुशीला कार्कीको एकल सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट मिति २०८२ भदौ २७ गते गरिएको प्रतिनिधिसभा विघटनको निर्णय उत्प्रेषणको आदेशले बदर गरी २०८२ भाद्र २४ गते गतेकै स्थिति कायम हुने गरी परमादेशको जारी गरी पाउँ। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पदबाट राजीनामा दिई सकेको अवस्थामा नयाँ सरकार गठनको लागि संविधानको धारा ७६ बमोजिमको प्रकृया प्रारम्भ गर्नु भनी राष्ट्रपतिको नाममा परमादेश जारी गरी पाउँ। प्रतिनिधि सभाको सभामुखले संसदको बैठक बोलाउन आवश्यक व्यवस्था मिलाउनु भनी सभामुख तथा संसद सचिवालयको नाममा परमादेश जारी गरी पाउँ। च) असंवैधानिक तवरले नियुक्त प्रधानमन्त्री श्री सुशिला कार्की र निज नेतृत्वको सरकारले गर्ने भनिएको प्रतिनिधिसभाको निर्वाचन समेत अवैधानिक नै हुने हुँदा प्रतिनिधिसभा विघटन पश्चात प्रतिनिधि सभाको निर्वाचनसंग सम्वन्धित सम्पुर्ण काम कारवाही प्रतिषेधको आदेश जारी गरी रोकी पाउँ। मुलुकलाई संसदविहिनताको स्थितिबाट मुक्त गरी अवरुद्ध संवैधानिक प्रक्रियामा रक्त संचार गरिपाऊँ।

३) यसमा लेखिएको ब्यहोरा ठिक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला।

सारसंक्षेपीकरण प्रस्तुतकर्ता

वा. श्रवण कुमार श्रेष्ठ

ईति सम्बत २०८२ साल मंसिर महिना २१ गते रोज १ शुभम...................